# **समृद्धिका आधारका लागि बुढीगंगा विकास कचहरी २०८२ मा घोषणा गरिएको साझा प्रतिबद्धतापत्र**

बुढीगंगा नगरपालिकाद्वारा मिति २०८२ बैशाख २७-२९ गते सम्म बाजुरा जिल्लाको मुख्य राजनैतिक नेतृत्व, विभिन्न क्षेत्रका विषय विज्ञहरु, नागरिक समाज, पत्रकारहरु, बुद्धिजिवीहरु, कर्मचारीहरू, समाजका प्रवुद्ध व्यक्तिहरू, सरोकारवाला पक्षाहरूका साथै आम नागरिकहरूको सक्रिय सहभागितामा आयोजना गरिएको "**समृद्धिको आधारका लागि बुढीगंगा विकास कचहरी**" कार्यक्रममा भएको छलफलको निश्कर्ष अन्तर्गत हामी तपसिल बमोजिमको १५ बुँदे प्रतिबद्धता पत्र जारी गर्दछौं ।

१. "**राजनीति विनासका लागि होइन, विकासका लागि**" गरिनुपर्छ भन्ने मान्यताका साथ बुढीगंगा नगरपालिकाको सर्वाङ्गीण विकास र समृद्धिका लागि सबै राजनीतिक दलहरू एकमत भई आन्तरिक स्रोत व्यवस्थापन र बाह्य स्रोतको खोजी गर्नका लागि थप उत्तरदायी, जवाफदेही र प्रतिबद्ध हुनेछौं ।

२. "**शैक्षिक गुणस्तरमा सुधार, बुढीगंगाको समृद्धिको आधार**" भन्ने लक्ष्यका साथ समग्र विद्यालय शिक्षामा गुणस्तर सुनिश्चित गरी श्रम बजारको माग बमोजिम दक्ष, सीपयुक्त र प्रतिस्पर्धी जनशक्ति उत्पादनका लागि शिक्षा क्षेत्रको समग्र विकास गर्ने उद्धेश्य सहित **वृहत् शैक्षिक सुधार कार्यक्रम** लागु गरिनेछ । प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार तथा स्तरोन्नती गरिनेछ भने बडिमालिका क्याम्पसमा स्नातकोत्तर तह सम्म अध्ययन-अध्यापनको व्यवस्थापनका लागि पहल गरिनेछ ।

३. "**व्यवसायिक तथा आधुनिक कृषि, बुढीगंगाको समृद्धि**" भन्ने अभियानका साथ स्थानीय खाद्यबालीहरू, रैथाने बालीहरू, दलहन बालीहरु, फलफूल, तरकारी तथा नगदे बालीहरूको पकेट क्षेत्र, पशुपक्षी पालनको वृहत् उत्पादन क्षेत्र निर्माण गरी समग्र कृषि तथा पशु विकास कार्यक्रम, उत्पादनको सङ्कलन, प्रशोधन तथा बजारीकरणको सुनिश्चितता गरिनेछ ।

४. "**उज्यालो र धुँवा रहित बुढीगंगा नगरपालिका**" भन्ने लक्ष्यका साथ आगामी ५ वर्ष भित्र राष्ट्रिय विद्युत प्रशारण लाईन प्रत्येक घरधुरीमा पुर्याइनुका साथै २ वर्ष भित्रमा सबै घरधुरीमा धुँवा रहित सुधारिएको चुलो निर्माण गरिनेछ । जलवायु अनुकुलन र विपद् जोखिम न्यूनीकरणका योजनाहरूलाई समायनुकूल परिमार्जन र परिष्कृत गर्दै लागु गरिनेछ ।

५. "**नदी किनारको खाली बगर, रोजगारीको आधार**" भन्ने अभिप्रायका साथ बुढीगंगा नदी किनारमा थुप्रेर रहेको नदीजन्य पदार्थलाई प्रचलित कानुनको अधीनमा रही बिक्री वितरण गरी आम्दानीको स्रोतमा वृद्धि गरिनेछ । सम्भावित खानीजन्य पदार्थको सम्भाव्यता अध्ययनको लागि आवश्यक पहल गरिनेछ । "**हरियाली वन, स्थानीय जनताको धन**" भन्ने नाराका साथ सामुदायिक वन, कबुलियत वन, निजी वन, बाँझो तथा खाली रहेको क्षेत्रमा महत्वपूर्ण र बहुमूल्य रुखबिरुवा, गैरकाष्ठ वनपैदावार तथा जडीबुटीको वृहत् खेती एवम् वृक्षारोपण गरी वनलाई आयआर्जनसँग जोडिने गरी वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

६. "**गुणस्तरीय स्वास्थ्य सेवा, नागरिकलाई टेवा**" भन्ने अभियान मार्फत निर्माणाधीन १५ शैयाको अस्पताल आगामी ३ वर्षमा निर्माण सम्पन्न गरी अन्य अत्यावश्यक स्वास्थ्य सामाग्रीहरूको व्यवस्थापन सहित आधारभूत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गरिनेछ । स्वास्थ्य बीमा कार्यक्रममा सबै नागरिकलाई अनिवार्य आबद्ध गरिनेछ । लागु औषध दुर्व्यशनी नियन्त्रण तथा मनोसामाजिक परामर्श र मानसिक स्वास्थ्य सम्बन्धी विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

७. नगर भित्र रहेका धार्मिक, ऐतिहासिक, साँस्कृतिक महत्वका सम्पदाहरूहरुलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न पहल गरिनेछ र ऐतिहासिक बार्जुकोट दरबारलाई संग्रालयको रुपमा विकास गरिनेछ । बुढीगंगा क्षेत्र भित्रमा मनाइने महत्वपूर्ण चाँडपर्वहरूको संरक्षण र प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

८. भवन निर्माण संहिता निर्माण गरी अनिवार्य रूपमा लागु गरिनुका साथै पाँच वर्ष भित्र ई-नक्सा पास प्रविधि कार्यान्वयनमा ल्याईनेछ भने नयाँ निर्माण हुने भौतिक संरचनाहरुलाई भूकम्प प्रतिरोधी, बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री तथा वातावरणमैत्री बनाईनेछ ।

९. ३ वर्षभित्र ५०० जना अटाउने क्षमताको बहुउद्धेश्यीय सभाहल निर्माण गरिनेछ भने आगामी ५ वर्ष भित्र मुख्य बजारहरुको उपयुक्त स्थानमा पार्किङ स्थल निर्माण गर्नुका साथै राष्ट्रिय मापदण्ड अनुसारको कम्तिमा एउटा खेलमैदान निर्माण गरिनेछ । स्थानीय सडकहरूको स्तरोन्नती गरी बाह्रै महिना यातायात सुचारू गर्नका लागि सम्बन्धित निकायहरूमा आवश्यक पहल गरिनेछ ।

१०. **ई–बुढीगंगा** कार्यक्रम तर्जुमा गरी नगरपालिकाको सबै क्षेत्रमा इन्टरनेट सेवा विस्तार गरिनुका साथै नगरपालिकाबाट प्रवाह हुने सेवालाई सहज, सरल र पहुँच योग्य बनाउन प्रविधिमैत्री बनाइनेछ भने नगरपालिकाले प्रवाह गर्ने सेवालाई अनलाईन प्रणाली मार्फत सञ्चालन गरी ई-प्रोफाइल निर्माण गरी लागु गरिनेछ ।

११. नगरपालिकाले प्रवाह गर्ने सेवाहरूलाई सेवाग्राहीप्रति उत्तरदायी बनाउँदै निष्पक्ष, पारदर्शी र जवाफदेही बनाउनका लागि एक वर्ष भित्र गुनासो सुनुवाई संयन्त्रको डिजिटलाइजेशन गरि नगरपालिकाले जारी गर्ने सार्वजनिक सूचनाहरु ५ वर्ष भित्र प्रत्येक नागरिकको मोबाईलमा सन्देश जाने (Mobile SMS) सेवा प्राणालीको विकास गरिनेछ ।

१२. नगरपालिकामा एउटा छुट्टै साझेदारी कोष निर्माण गरी आवश्यकताका आधारमा सामाजिक तथा आर्थिक विकास, लैङ्गिक समानता, सामाजिक समावेशीकरण, सामाजिक जागरण तथा सशक्तिकरणका कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिनेछ ।

१३. नगर भित्र सञ्चालित सहकारी संस्थाहरुको अनुगमन, व्यवस्थापन र नियमन गरिनेछ ।

१४. "**बनौं उद्यमी, सृजना गरौ रोजगारी**" भन्ने नारा सहित नगरपालिकाको समग्र आर्थिक विकासका लागि उत्पादनमा आधारित साना तथा मझौला उद्योगहरु, व्यवसाय स्थापना गरी सीपयुक्त मानव संसाधन विकास गरी रोजगारी सृजना गर्ने र नागरिकलाई आत्मनिर्भर बनाउने विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरिनेछ । "**श्रमको सम्मान, बुढीगंगाको अभियान**" कार्यक्रम सञ्चालन गरी श्रमलाई आम नागरिकको जीवन परिवर्तनको आधार बनाइनेछ । बुढीगंगा सीप विकास तथा प्रशिक्षण केन्द्रलाई प्रतिष्ठानको रूपमा विकास तथा विस्तार गर्नका लागि सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।

१५. खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी विद्यमान कानुन अनुसार पूर्ण सरसफाइ युक्त नगर बनाउन आवश्यक कानुनहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ । हाल भईरहेका फोहरमैला व्यवस्थापन, स्वच्छ खानेपानी, महिनावारी स्वच्छता अभियानलाई थप व्यवस्थित गरिनेछ ।